## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको

# डिप्लोमा/प्रमाणपत्र तह प्राविधिक शिक्षा छात्रवृति कार्यक्रमको परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(मिति २०७५ फागुन २३ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरूमा सञ्चालित विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित) डिप्लोमा इन इन्जिनियरिङ कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो वर्ष दोस्रो खण्ड र तेस्रो वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक र इन्टरप्रेनरशिप कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्डको नियमित तथा आंशिक, दोस्रो वर्ष दोस्रो खण्डको नियमित तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, डिप्लोमा इन फार्मेसी, कृषी (बाली विज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम, दोस्रे र तेस्रो वर्षको नियमित तथा आंशिक एवम् डिप्लोमा इन फिजीयोथेरापी कार्यक्रमको प्रथम वर्षको नियमित परीक्षा वैशाख महिनामा सञ्चालन हुने भएकोले मिति२०७५ साल चैत्र १८ गतेभित्र परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुँदा सम्वन्धित शिक्षण संस्थाहरूले अनिवार्य रूपमा विद्यार्थीहरूबाट परीक्षा आवेदन फाराम भराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै निम्न शर्तहरू पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने वेहोरा सम्वन्धित सवैमा जानकारी गराइन्छ।

**शर्तहरू:**

१. परीक्षा आवेदन फाराममा उल्लिखित विवरणहरू सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको मुखाकृति प्रस्ट देखिने पासपोर्ट साइजको फोटो टाँसिएको हुनुपर्नेछ।

२. शिक्षण संस्थाहरूले परीक्षार्थीको (परीक्षा शुल्क वार्षिकतर्फ प्रतिविद्यार्थी रु. २,५००।- र सेमेस्टरतर्फ प्रतिविद्यार्थी रु. २,०००।-) रकम उल्लेख भएको शिक्षण संस्थाको सकल पत्र फारामसाथ पेस गर्नु पर्नेछ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु. ३००।- प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र विलम्ब शुल्क प्रतिविद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ (तोकिएको मितिभन्दा पछि सात दिनभित्र परीक्षा आवेदन फाराम बुझाउने परीक्षार्थीहरूको हकमा मात्र)।

४. आंशिक परीक्षार्थीको हकमा शैक्षिक सत्र २०७०/७१ देखि २०७४/७५ (२०१३ देखि २०१७)मा भर्ना भई रजिष्ट्रेन कायम भएका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन्।

५. नियमित परीक्षार्थीको परीक्षा आवेदन फाराम परिषद्को वेवसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ। आंशिक परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरूबाट उपलब्ध हुनेछ।

६. नियमित परीक्षार्थीको परीक्षा आवेदन फारामहरू Web based online system मा entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नु पर्नेछ। साथै नियमित परीक्षार्थीहरूको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

७. आंशिक परीक्षार्थीको हकमा परीक्षा आवेदन फारामसाथ समष्टीगत फारामको प्रमाणित प्रति Printed Copy दुईप्रति र एकप्रति Soft Copy समेत (Excel 7.0) मा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

८. आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन्। आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वतः रद्द हुनेछ। साथै परीक्षार्थीहरूको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ।

९. अन्य संस्थाबाट रजिष्ट्रेशन भएका विद्यार्थीहरूको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ। शिक्षण संस्था स्थानान्तरण गरेको भए सो अनुमति लिएको प्रमाण संलग्न राख्नुपर्नेछ।

१०. आवेदन फाराम व्यक्तिगत रूपमा बुझिने छैन। उक्त फाराम सम्वन्धित शिक्षण संस्थामार्फत बुझाउनुपर्नेछ।

११. सम्वन्धित शिक्षण संस्थाहरूले परीक्षाको आवेदन फारामहरू मिति २०७५ साल चैत २० गतेभित्र परिषद्, परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरूमा आंशिक परीक्षा तर्फको आवेदन शुल्कसहित अनिवार्य रूपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन फारामहरूमाथि कुनै पनि कारवाही हुनेछैन। (प्रदेश कार्यालयहरू र खाता नम्बरहरू : प्रदेश नं. १ रा.वा. बैंक, इटहरी शाखा- खाता नं. २५५०००१०१९०१, प्रदेश नं. २ रा.वा. बैंक, भानुचोक, जनकपुर शाखा-खाता नं. १२२०००६७०३०१, प्रदेश नं. ३ हेटौंडा शाखा- रा.वा. बैंक खाता नं. १३००००३६६८०१, गण्डकी प्रदेश रा.वा. बैंक, पार्दी शाखा- पोखरा खाता नं. ३५०००००२३३०१, प्रदेश नं. ५ रा.वा. बैंक, रामनगर, बुटवल शाखा- खाता नं. ३३६००००३५२०१, कर्णाली प्रदेश रा.वा. बैंक, वीरेन्द्रनगर, सुर्खेत शाखा-खाता नं. ४०८००१५५२७०१, सुदूरपश्चिम प्रदेश रा.वा. बैंक, धनगढी शाखा-खाता नं. ४१७०००६५०९०१)

१२. आंशिक परीक्षार्थीहरूको Symbol No. परिषद्को वेवसाइट www.ctevt.org.np मा उल्लेख भएअनुसार हुनुपर्ने छ।

१३. यो सूचना परिषद्को वेवसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ।

**परीक्षा नियन्त्रक**